नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

## प्रेस विज्ञप्ती

गृह मन्त्रालय अन्तर्गतका सुरक्षा निकायहरुलाई प्रभावकारी शान्ति सुरक्षा कायम गर्ने प्रयोजनका लागि जिम्मेवारीप्रति प्रतिवद्ध, कानून कार्यान्वयनमा दृढ, सेवा प्रवाहमा पारदर्शी एवं नतिजामा उत्तरदायी बनाई जनमुखी कार्य सम्पादनलाई थप सुदृढ तुल्याउन मिति २०७६/०५/०२ गते नेपाल प्रहरीका प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी महानिरीक्षकका साथै उपत्यकाका ३ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुसँग माननीय गृहमन्त्री श्री राम बहादुर थापा 'बादल' को समुपस्थितिमा गृह सचिव श्रीमान् प्रेम कुमार राईबाट सूचकमा आधारित कार्य सम्पादन सम्झौता गरिएको छ । मन्त्रालयबाट गरिएको कार्य सम्पादन सम्झौता अब ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुसँग समेत सम्पन्न भएको छ । गृह प्रशासन सुधारका क्रममा सुरक्षा निकायका प्रमुखहरु लगायत मन्त्रालय र अन्तर्गतका जिम्मेवार पदाधिकारीहरुसँग गरिएको ऐतिहासिक कार्य सम्पादन सम्झौताले काम र कर्तव्यप्रतिको जिम्मेवारी तथा जवाफदेहिता बढ्न गई निर्दिष्ट र तोकिएको लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ । यस प्रकार कार्य सम्पादन सम्झौताको दृढ कार्यान्वयनबाट देशको समग्र शान्ति सु-व्यवस्था थप सुदृढ, विश्वसनीय र प्रभावकारी हुने र सुशासन तथा सेवा प्रवाह नतिजामुखी एवं जनमैत्री हुने विश्वास लिईएको छ ।

मितिः २०७६/०५/०३ गते

रामकृष्ण सुवेदी
सहसचिव/प्रवक्ता